# कृतज्ञता

यो शोध प्रबन्ध पिएच. डी. डिग्रीका निम्ति गरिएको योजनाबद्ध कार्यको परिणाम हो। यो काम सम्पन्न गर्दा मलाई धेरै गुणीजनको सहयोगको खाँचो परेको थियो र उहाँहरूको सहयोगले यसलाई यस रूपमा प्रस्तुत गर्ने अवसर मैले पाएको छु। प्रथमतः आफ्ना मूल्यवान सुझाउ, परामर्श र निर्देशनले मलाई उपकृत तुल्याउनुहुने मेरा गुरु शोध निर्देशक प्रोफेसर मोहन प्रसाद दाहालप्रति म आफ्नो भक्ति अर्पण गर्दछु। मलाई विभिन्न औडाहा र अल्छीले छोपेका बखतमा पनि स्नेहपूर्वक मेरा कामका बारेमा सोधपुछ गर्दै यसलाई टुङ्गामा पुर्‍याउने जुक्ति र हौसला उहाँले मलाई प्रदान गर्नुभएको छ। उहाँकै परामर्शले यस शोध प्रबन्धको विषय पनि छनौट गरिएको थियो भने मलाई परेका सबै अप्ठ्यारा परिस्थितिमा मलाई सघाएर उचित मार्गदर्शनसहित शोधकार्यका निम्ति प्राज्ञिक निर्देशन उहाँले प्रदान गर्नुभयो। यसका निम्ति म उहाँप्रति कृतज्ञता अर्पण गर्दछु।

नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालयका अवकाशप्राप्त रिडर प्रा. लक्ष्मीकान्त शर्माले मलाई स्नेहपूर्वक आशीर्वाद प्रदान गरी यस कामका निम्ति प्रोत्साहित तुल्याउनुभएको हो, उहाँप्रति म सश्रद्धा सम्झना गर्दै भक्ति अर्पण गर्दछु। नेपाली विभागका प्रोफेसर घनश्याम नेपालप्रति पनि म कृतज्ञ छु, उहाँले मलाई समय समयमा कामका निम्ति झक्झक्याएर आवश्यक परामर्शसहित हौसला प्रदान गर्नुभएको छ। उहाँले गर्नुभएको सहयोगप्रति म सधैँ ऋणी छु। नेपाली विभागका अध्यक्ष प्रा. नरेशचन्द्र खातीले मलाई पुस्तकहरूसमेत दिएर जुन सहयोग गर्नुभयो त्यसका निम्ति म उहाँलाई धन्यवाद चढाउँछु र उहाँको गुण सधैँ सम्झिरहनेछु। नेपाली विभागका अन्य प्राध्यापकहरू प्रोफेसर भीमकान्त उपाध्याय, प्रा. कृष्णराज घतानी, प्रा. शान्तिराज शर्माले पनि मलाई समय र अवसरअनुसार उचित परामर्श र सर-सल्लाह दिनुभएको छ। उहाँहरूलाई मैले यहाँ भक्तिपूर्वक सम्झना गरेको छु। डिपार्टमेन्ट अफ कम्प्युटर साइन्स, उत्तर बङ्गाल विश्वविद्यालयका प्राध्यापक डा. शरद् सिन्हाले यस काममा मलाई भ्रातृस्नेहसहित जुन हौसला र सल्लाह दिनुभएको छ,

त्यसका निम्ति म उहाँप्रति आभार प्रकट गर्दछु। त्यसरी नै डा. कुमार प्रधान (अवकाशप्राप्त प्राचार्य, खरसाङ कलेज) प्रति पनि उहाँको स्नेह र मार्गदर्शनका निम्ति भक्ति अर्पण गर्दछु।

विभिन्न कलेजमा अध्यापन गरिरहनुभएका मेरा सहकर्मी मित्रहरूले पनि मलाई चाहिएको सहयोग प्रदान गर्नुभएको छ। मेरा अग्रजहरूमा श्रद्धेय डा. वीणा प्रधान (सिक्किम गभर्न्मेन्ट कलेज), डा. राजकुमारी दाहाल (सिलगढी कलेज), डा. दिवाकर प्रधान (काशी हिन्दू विश्वविद्यालय), डा. सञ्जय राई (काशी हिन्दू विश्वविद्यालय), डा. ममता लामा (कालेबुङ कलेज), डा. कविता लामा (साउथफिल्ड कलेज) ले मलाई लाउनुभएको गुण र स्नेहप्रति म सधैँ आभारी रहनेछु। त्यसरी नै विनेश प्रधान (दार्जिलिङ गभर्न्मेन्ट कलेज), बलराम पाण्डे (सिक्किम गभर्न्मेन्ट कलेज), डा. दुर्गाप्रसाद छेत्री (साउथफिल्ड कलेज), एनिरा फिपन लेप्चा (कल्याणी युनिभर्सिटी), महेश प्रधान (साउथफिल्ड कलेज) ले पनि मलाई विभिन्न किसिमले सहयोग पुऱ्याउनुभएको छ, जसका निम्ति म कृतज्ञता ज्ञापन गर्दछु। रेभरेन्ट रबिन फिपन लेप्चा (सिएमसी, भेल्लोर) लाई पनि उहाँको सहयोगका निम्ति सम्झना गर्नु म आफ्नो कर्तव्य ठान्छु।

शोध-प्रबन्धको अन्त्यमा परिशिष्टअन्तर्गत असीत राईसितको अन्तर्वार्ता राखिएको छ। शोधकार्यका निम्ति आवश्यक सूचना प्रदान गरी मलाई उपकृत तुल्याउनका साथै चियाबारी र चियाबारीका उपन्यासबारे मेरा प्रश्नहरूको उत्तर लिखित रूपमा दिनुभएकोमा उपन्यासकार असीत राईलाई धन्यवाद दिँदै उहाँप्रति कृतज्ञता अर्पण गर्दछु। क्षेत्रकार्यका निम्ति लेबोङ जाँदा मलाई सहयोग गर्नुहुने सफल थापा (प्रधान अध्यापक, नक्सलबारी नेपाली हाई स्कुल) र हरसिङ हट्टामा रहनुभएको उहाँकी आमा देवमाया थापा साथै परिवारप्रति म आफ्नो आभार र प्रेम प्रकट गर्दछु। त्यसरी नै महारानी र मार्गरेट्स होप चियाकमान जाँदा लामो बाटो हिँडेर मलाई सहयोग गर्ने मेरी पूर्व छात्रा सेलिना छेत्री र उनको परिवारलाई पनि धन्यवाद दिन्छु। विविध प्रकारले सहायता पुऱ्याउनेहुने विभिन्न चियाकमानका सबै शुभाकांक्षीहरूप्रति म आभारी रहेको छु।

मेरा मित्रहरू गणेश प्रधान, विशाल गुरुङ, सुधीर छेत्री, सुदेश राईलाई पनि म यहाँ सम्झना गर्छु, उहाँहरूले मलाई समय-समयमा यस कामका निम्ति सोधनी राख्दै उत्साह प्रदान गर्नुभएको छ। मेरा प्रिय विद्यार्थीहरूले पनि मलाई प्रत्यक्ष-परोक्ष रूपमा सघाएका छन्, नाउँ उल्लेख गर्दा लामो फेहरिस्त हुने हुँदा म मेरा सबै विद्यार्थीहरूलाई सस्नेह धन्यवाद जनाउँछु।

शोधकार्यका निम्ति विभिन्न पुस्तकालयको सहयोग लिनुपरेको थियो, सबै पुस्तकालयका अधिकारी र कर्मचारीप्रति पनि धन्यवाद प्रकट गर्दछु।

आफूलाई कष्ट परेका बेला मलाई थाहासम्म पनि नदिई काम गर्ने अवसर र मनस्थिति बनाइदिने र मेरा कामकुरामा त्यसै त्यसै खुसी हुने मेरा पूज्य आमा-बाबालाई सेवाढोग चढाई उहाँहरूबाट आशीर्वाद पाइरहूँ भन्ने कामना यहाँ अभिव्यक्त गर्न पाउँदा मलाई हर्ष लागेको छ। मैले कुनै राम्रो काम गर्न सकेको छु भने त्यसको स्रोत उहाँहरू नै हुनुहुन्छ, त्यो उहाँहरूकै स्नेह र आशीर्वादको फल हो। मेरा आदरणीय दाजुको माया र उत्साहपूर्ण वाणीले मलाई सधैँ प्रेरित गरेको मैले पाएको छु भने भाउजू र भतिजीलाई पनि मेरा सम्झनामा सधैँ राखेको छु। मेरा सासू-ससुराका स्नेहपूर्ण व्यवहारले मलाई ठुलो मानसिक बल प्रदान गरेको छ, उहाँहरूको स्नेह र आशिष पाइरहने मेरो लोभ कहिले घट्ने छैन।

घरको परिवेशलाई सजिलो र आरामदायी बनाई लेखपढमा पनि सघाउ पुऱ्याउँदै मन, वचन, कर्म र व्यवहारले मलाई माया गर्ने मेरी श्रीमतीलाई अशेष प्रेम।

अन्तमा शोधकार्य भनेको सामूहिक कार्य हो भन्ने कुरो स्वीकार गर्दै यहाँ कसैको नाउँ लिन बिर्सिरहेको भएमा क्षमा चाहन्छु अनि सबै-सबैप्रति म आभारी रहेको जनाउँदछु।

पुष्कर पराजुली

तारिक - ०२·१२·२०११